लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सूचना नम्बरः ११/२०८३-८४ **दोस्रो पटक प्रकाशित मितिः २०८३।०७।१९**

कार्यक्रम सञ्चालनका लागि आवेदन (प्रस्तावना) पेस गर्ने सम्बन्धी सूचना।

यस केन्द्रको चालू आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रकाशित सूचना नं. ०६/०८३-८४, मिति २०८३।०६।१५ उपर पर्याप्त आवेदन प्राप्त नभएको हुँदा मिति २०८३।०८।१५ गते सम्म यस केन्द्रमा कार्यालय समयभित्र तपसिलमा उल्लिखित कागजातहरू सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेस गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयबाट वा कार्यालयको वेबसाइट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६५६००६३ मा सम्पर्क गर्न सकिने छ।

कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थानः मायादेवी र यशोधरा गाउँपालिका

कार्यक्रम/क्रियाकलाप	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	खर्चको सीमा
व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम (मायादेवी गापा, यशोधरा गापा)	• उत्पादन सामाग्रीः बीउ, प्राङ्गारिक मल, शुक्ष्म तत्व, मल्टिच प्लास्टिक, विभिन्न ट्रयापहरू, विषादी आदि • तरकारी नर्सरी निर्माण तथा व्यवस्थापन, • बजारिकरण सामाग्री • अभिमुखिकरण तथा क्षमता विकास	• कार्यालयले उपयुक्त फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • फर्म/कम्पनीको हकमा कम्तीमा १० कट्ठामा र सामूहिकको हकमा कम्तीमा १ हे. क्लस्टरमा हुनुपर्ने।	• उत्पादन, प्रशोधन तथा बजारीकरण सामाग्री एवं यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान । • अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रममा विनियोजित बजेटको ५ प्रतिशत सम्म खर्च गर्न सकिने।

संलग्न गर्नु पर्ने कागजातहरू

१. प्रस्तावको निवेदन।
२. दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट पश्चात् पेस गर्न सकिने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्य-योजना सहितको प्रस्ताव।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी/संस्थाको हकमा मात्र)।
७. प्रस्ताव पेस गर्नेको नागरिकताको प्रतिलिपि।
८. किसान सूचीकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर र कृषि शाखाको सिफारिस पत्र।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनीको गत आर्थिक वर्षमा जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि वा जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

घनश्याम चौधरी
प्रा.प्र. (अधिकृत स्तर २